वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १२२ | २०८३ भदौ १६ गते मंगलबार, नेपाल सम्वत् ११४६ September 01, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## ठूलो चट्टानसहित खसेको पहिरो

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको व्यास-१२ छिर्कनेमा गत आइतबार साँझ ठूलो चट्टानसहित खसेको पहिरो । सडक विस्तारका क्रममा भित्तो कटान गरिएको यस खण्ड पहिरोको उच्च जोखिममा रहेको छ । खसेको पहिरो नहटाइएकाले यहाँ सडक एकतर्फि सञ्चालनमा सवारी साधन आवत जावतमा असहज बनेको छ ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# आँखैअघि साथीहरु बगे, ओढारमा बित्यो रात

**प्रकाश सिलवाल/काठमाडौं**

एकाएक उर्लिएको भोटेकोशी बाढी जीवनका लागि त्रासदीपूर्ण दिन बन्यो । यही भदौ १० गते, बुधबारको उक्त बाढीले घर, भवन, सडक, पुल र अन्य संरचना बगाउँदै गर्दा दौडिएर सुरक्षित स्थानमा पुग्न सफल भएकाहरूका आँखामा बाढीको वितण्डा घुमिरहेका छन् ।

देख्दा देख्दै कैयौँ आफन्त, साथीभाइ र सहकर्मी बाढीमा बेपत्ता भए । ज्यान जोगिए पनि त्यस दिनको त्रास र पीडा कसरी भुलाउने भन्ने बाँचेकाहरूको मनमा परिरहेको छ । रसुवाको मैलुङ जलविद्युत् आयोजनामा कार्यरत प्राविधिक कर्मचारी शिव गिरीसहित सात जनाले बाढी आएसँगै भागेर ज्यान जोगाएको बयान छोटो आलेखमा वर्णन गर्न सकिँदैन ।

उपचारमा महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा रहनुभएका गिरी बाढीको बेग बढ्न थालेपछि आयोजनाको क्याम्पबाट माथितिर उक्लनुभयो । केही समयमै तलतिरका घर, बस्ती र अन्य संरचना बाढीमा डुब्न थाले। उनीहरूले हेर्दाहेर्दै आफ्नै साथीहरूलाई बाढीले बगाएर बेपत्ता बनायो । "हेर्दाहेर्दै कति साथीहरु बगेर बेपत्ता भए । नजिकका घरगाउँ नै डुबे, मेरा काकाको छोरा (भाइ) बग्यो ।" खुइँय, गर्दै गिरीले सुनाउनुभयो ।

दाङको घोराहीबाट रोजगारीका लागि रसुवा पुग्नुभएका गिरीका लागि त्यो दिन अभिशाप बन्यो । बाढीबाट भागेर बचे पनि माथितिर लागे पनि तत्काल कुनै गाउँ वा बस्ती भेटिएन। भोक र प्यासले सताइरहेको थियो। जङ्गलको बाटो हुँदै सुरक्षित स्थानको खोजीमा निरन्तर उकालो चढ्दा पनि गाउँ भेटिएन । "रातिसम्म करिब १२ घन्टा हिँडेर एउटा ओढारमा पुगेर बस्यौं ।" गिरीले दुःखको विवरण सुनाउनुभयो ।

गिरीको टोली टिमुरे र धुन्चेतिर जान नसक्दा ज्यान जोगाउने उद्देश्यले जङ्गलको बाटो रोज्नुपरेको थियो । भाग्ने क्रममा क्याम्पमा रहेको एउटा कुकुरले उहाँहरूको साथ छाडेन । मानवीय



त्रासदीबीच त्यो कुकुरको साथ पनि उहाँहरूका लागि सम्झनायोग्य बन्यो । ओढारमा बसेको भोलिपल्ट तल आयोजनास्थल झरेर आफूहरू विस्थापित भएको र उद्दारका लागि खबर गरेपछि नेपाली सेनाको हेलिकप्टरमार्फत उद्दार गरी काठमाडौँ आएको बताउनुभयो ।

गिरीका अनुसार आयोजनाका कर्मचारीहरु सुरक्षित ठानिएको क्याम्पमा बस्दै आएकामा सुरक्षित ठानिएको त्यही क्याम्पसमेत बाढीले बगाएर लग्नुले बाढीको विनाशकारी आयतन आँकलन गर्न सकिन्छ ।

### पूर्वसूचना पाए पनि यस प्रकारको जोखिमको आकलन भएन

रसुवाकै त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाका कर्मचारी तथा रसुवा निवासी चिप्पु दोर्जे तामाङ बाढी आएको दिन काठमाडौँमै हुनुहुन्थ्यो। आयोजनाको सिसी क्यामराबाट आएका दृश्य र सन्देशहरु हेर्दै उहाँ घटनाक्रमबारे जानकारी लिइरहनुभएको थियो । बाढी आउन सक्ने पूर्वसूचना प्राप्त भए पनि कतिपयले त्यसको सम्भावित जोखिमलाई गम्भीररूपमा नलिएको उहाँको अनुभव छ ।

"मान्छेले यति माथिसम्म त के बाढी आउला र भनेर कम आँके", तामाङले त्रासदीपूर्ण विपद्को सम्झना गर्दै भन्नुभयो, "कतिपय भागिसकेका मानिस पनि फर्किएर बाढी हेर्न थाले । बाढीको भयावह रुप देख्न पुगेका केही मानिस भिडियो खिचिरहेका थिए । कोही पौडी खेलेर ज्यान जोगाउन सफल भए । हेर्दाहेर्दै धेरैलाई बगायो ।"

घटनास्थलमा मानिसहरूलाई ठूलै बाढी हो भन्ने सन्देश दिन र समयमै सुरक्षित स्थानतर्फ तत्काल सार्न सकिएको भए क्षति कम गर्न सकिने उहाँको बुझाइ छ। तामाङका अनुसार भन्सारको ११ तले भवनसमेत बाढीले ढालेको सूचना समयमै सबैसम्म पुग्न सकेन । "११ तलाको भन्सारको भवन ढालिसक्यो भन्ने सन्देशचाहिँ प्रवाह भएन ।" उहाँले भन्नुभयो, "त्यो खालको खतराको पूर्वसूचना भएको भए मान्छेहरु थप सचेत भएर सुरक्षित स्थानमा जान्थे होलान् ।"

### ज्यान जोगिए पनि सहकर्मीको पर्खाइ

भोटेकोशी बाढीबाट ज्यान जोगाएकाहरूका लागि जीवन सामान्य अवस्थामा फर्किन अझै कठिन छ । उनीहरु बाढीबाट बाँचेका छन् । तर आफ्ना सहकर्मी, आफन्त र साथीहरूको अवस्थाबारे अनिश्चित छन् । मैलुङ जलविद्युत् आयोजनामा कार्यरत मेघबहादुर गुरूङ पनि बाढीपछि बेपत्ता हुनुहुन्छ। उहाँको परिवार अहिले अस्पतालदेखि सम्भावित खोजीस्थलसम्म आफन्तको अवस्थाबारे खबर पर्खिरहेको छ।

मेघबहादुरकी श्रीमती जयन्ती गुरूङ घाइतेको उपचार भएका अस्पताल र सूचना पाउने सम्भावित स्थलमा पगेर आकुलव्याकुल हुँदै खोजीको प्रतीक्षामा हुनुहुन्छ । "म के गरौं, कसरी सम्हालिऊँ ?" उहाँको प्रश्नमा श्रीमानको पर्खाइ, परिवारको चिन्ता र भविष्यको अन्योल एकैपटक झल्किन्छ । बाढीमा बेपत्ता भएका व्यक्तिका परिवारका लागि अहिले 'कि सास, कि लास' को आशा मात्र बाँकी छ। आफन्त फर्किएर आउने आशा अझै मरेको छैन । तर दिन बित्दै जाँदा प्रतीक्षा झन् पीडादायी बन्दै गएको छ । रासस

# तनहुँमा १५ वटा शवको व्यवस्थापन, १७ जना अझै सम्पर्कविहीन

**भञ्ज्याङ समाचारदाता/दमौली**

रसुवाको भोटेकोशीमा आएको बाढीपछि तनहुँमा भेटिएका पहिचान हुन नसकेका शवको व्यवस्थापन गरिएको छ । आँबुखैरेनी र देवघाट गाउँपालिकास्थित त्रिशुली नदी तटीय क्षेत्रमा भटिएका शव मध्ये पठाइएको र १५ वटा शव प्रदेश अस्पताल दमौलीमा राखिएको थियो । जिल्लामै राखिएका शवको पहिचान खुल्न नसकेपछि सोमबार पोष्टमाटम गरी डिएनए परीक्षणका लागि नमूना पनि संकलन गरिएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले बताए ।



प्रदेश अस्पताल दमौलीको शवगृहमा राखिएका १५ वटा शव सोमबार व्यास नगरपालिका-५ स्थित चैनपुर जङ्गल क्षेत्रमा व्यवस्थापन गरिएको हो ।

तनहुँ क्षेत्रमा सोमबारसम्म ३८ वटा शव भेटिएका थिए । भेटिएका शवमध्ये २३ वटा शव पोखरा

उनले भने, 'सबै शवको डिएनए परीक्षणको लागि नमूना लिइएका छौं । जिपिएस, तस्विर लगायतका आवश्यक तत्थ्याङ्क लिएर आफन्तलाई पहिचान गर्न सहज होस भनि क्युआर पनि बनाइसकेका छौं ।'

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# शवको पहिचानमा राज्यको परीक्षा

भोटेकोशीको बाढीले बस्ती, सडक, पुल र जलविद्युत् आयोजना मात्र बगाएन, हाम्रो विकासको दाबीलाई पनि कठोर प्रश्नको कठघरामा उभ्याएको छ । विपद्ले कैयौँ नागरिकको ज्यान लिएको छ, धेरैलाई बेपत्ता बनाएको छ । बाढीले बगाएका शव र मानव अवशेष तल्लो तटीय क्षेत्रमा भेटिने क्रम जारी छ । जीवितको उद्धारसँगै अब एउटा अत्यन्त संवेदनशील प्रश्न राज्यसामु उभिएको छ– भेटिएका शव कसका हुन् ? ती शवलाई परिवारसम्म कसरी पुऱ्याउने ? र पहिचान हुन नसकेका शवको सम्मानपूर्वक व्यवस्थापन कसरी गर्ने ? यो केवल शव व्यवस्थापनको प्रश्न होइन । यो राज्यको क्षमता, संवेदनशीलता र नागरिकप्रतिको जिम्मेवारीको परीक्षा हो । विपद्को समयमा जीवित नागरिकको उद्धार पहिलो प्राथमिकता हो । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्वास्थ्यकर्मी, स्थानीय सरकार, स्वयंसेवक र स्थानीय नागरिकले जोखिम मोलेर खोज तथा उद्धारमा गरिरहेको काम प्रशंसनीय छ । तर विपद् व्यवस्थापनको अर्थ जीवितलाई बचाउनुमा मात्र सीमित हुँदैन । मृत्यु भएकाको पहिचान गर्नु, शवलाई सम्मानपूर्वक सुरक्षित राख्नु र शोकाकुल परिवारलाई आफ्नो मान्छेको अन्तिम संस्कार गर्ने अधिकार सुनिश्चित गर्नु पनि राज्यको उत्तिकै महत्वपूर्ण दायित्व हो ।

ठूलो प्राकृतिक विपत्तिमा सबै शव तत्काल पहिचान गर्न नसकिने अवस्था आउन सक्छ। बाढीको तीव्र बहावले शव क्षतविक्षत हुन सक्छ । हिलो, ढुंगा र भग्नावशेषले अनुहार तथा शरीरका पहिचानयोग्य भाग नष्ट गर्न सक्छ । शव लामो दूरीसम्म बगेर अर्को जिल्लासम्म पुग्न सक्छ । यस्तो अवस्थामा 'अज्ञात शव' भनेर तत्काल अन्तिम संस्कार गरिदिनु प्रशासनका लागि सजिलो उपाय देखिन सक्छ । तर सजिलो उपाय सधैँ सही उपाय हुँदैन । शवको अन्तिम व्यवस्थापन आवश्यक परिस्थितिमा गर्नुपर्ने हुन सक्छ । तर त्यसअघि पहिचानका सम्भावित वैज्ञानिक उपाय प्रयोग गरिएका छन् कि छैनन् ? फोटो, औँठाछाप, व्यक्तिगत सामग्री र अन्य प्रमाण सुरक्षित गरिएको छ कि छैन ? डीएनए परीक्षणका लागि आवश्यक नमुना राखिएको छ कि छैन ? भविष्यमा परिवारले उपलब्ध गराउने प्रमाणसँग तुलना गर्न सकिने अभिलेख तयार गरिएको छ कि छैन ? यी प्रश्नको उत्तर खोजिनुपर्छ । शव गाडिन सक्छ, तर पहिचान गाडिनु हुँदैन । 'अज्ञात शव' प्रशासनिक भाषाको एउटा शब्द हुन सक्छ । तर परिवारका लागि त्यो शब्द एउटा गहिरो पीडा हो । अज्ञात भनिएको व्यक्ति कसैको छोरा हुन सक्छ, कसैकी छोरी हुन सक्छ, कसैको आमा वा बुबा हुन सक्छ। ऊ कसैको जीवनसाथी, दाजु, भाइ, दिदी वा बहिनी हुन सक्छ । कुनै परिवारको आर्थिक आधार हुन सक्छ । कसैको बाल्यकालको साथी र कसैको भविष्यको सपना हुन सक्छ। राज्यको तथ्यांकमा त्यो एउटा मृतक संख्या होला, तर परिवारका लागि त्यो सम्पूर्ण संसार हो ।

जीवित नागरिकले आफ्नो नाम, ठेगाना र परिचय बताउन सक्छ । उसले नागरिकता देखाउन सक्छ, आफ्नो परिवार बताउन सक्छ। तर मृतकले आफ्नो परिचय आफैँ दिन सक्दैन । त्यसैले मृत्युको अवस्थामा राज्यको जिम्मेवारी झन् बढ्छ । जसले आफ्नो पहिचानका लागि बोल्न सक्दैन, उसको पहिचान खोजिदिनु राज्यको दायित्व हो । यसका लागि राज्यसँग विपद्पूर्व तयारी हुनुपर्छ । पर्याप्त शवगृह, शीत भण्डारण, आवश्यक उपकरण र प्रशिक्षित जनशक्ति तयार राखिनुपर्छ । ठूलो विपद्का लागि अस्थायी शवगृह र मोबाइल शीत भण्डारणको व्यवस्था गर्न सकिने स्थान पहिचान गरिनुपर्छ । फरेन्सिक विशेषज्ञ र डीएनए परीक्षणको क्षमता विस्तार गरिनुपर्छ । भेटिएका प्रत्येक शवको फोटो, विवरण, फेला परेको स्थान र समय तथा उपलब्ध प्रमाण व्यवस्थित रूपमा अभिलेख गर्नुपर्छ । त्यति मात्र होइन, बेपत्ता नागरिकको विवरण दर्ता गर्न परिवारले प्रहरी, अस्पताल र प्रशासनका कार्यालय धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ। एउटै प्रणालीमार्फत बेपत्ता व्यक्तिको विवरण दर्ता गर्ने, भेटिएका शवको विवरण राख्ने र पहिचानको प्रक्रिया अघि बढाउने व्यवस्था आवश्यक छ। प्रहरी, अस्पताल, स्थानीय तह, फरेन्सिक निकाय र केन्द्र सरकारबीच सूचना आदानप्रदानको एकीकृत संयन्त्र बन्नुपर्छ ।

हामी डिजिटल नेपालको कुरा गर्छौँ । कृत्रिम बुद्धिमत्ताको सम्भावनाबारे बहस गर्छौँ। स्मार्टफोन, डिजिटल अभिलेख, ड्रोन र आधुनिक प्रविधिको प्रयोग बढाइरहेका छौँ। तर विपद्का बेला एउटा शवको पहिचान गर्न राज्यसँग भरपर्दो प्रणाली छैन भने हाम्रो डिजिटल विकास अधुरो छ । हामीले समृद्धिलाई पनि पुनः परिभाषित गर्न आवश्यक छ । समृद्धि भनेको कति किलोमिटर सडक बन्यो, कति मेगावाट विद्युत् उत्पादन भयो, कति राजस्व उठ्यो र बजेटको आकार कति ठूलो भयो भन्ने मात्र होइन। समृद्धि भनेको संकटमा राज्य कति बलियो भएर नागरिकको साथमा उभिन्छ भन्ने पनि हो। भोटेकोशीको बाढी केही समयपछि समाचारको पानाबाट हराउन सक्छ । उद्धार सकिएला, राहत वितरण होला, पुनर्निर्माण सुरू होला । तर राज्यले यस घटनालाई केही दिनको समाचार बनाएर बिर्सनु हुँदैन । विपद् व्यवस्थापनसम्बन्धी कानुन, संरचना र पूर्वतयारीको गम्भीर समीक्षा हुनुपर्छ । कमजोरी पहिचान गर्नुपर्छ । जिम्मेवारी तोक्नुपर्छ। आवश्यक बजेट छुट्याउनुपर्छ । र अर्को विपद् आउँदा आजभन्दा सक्षम भएर उभिने प्रणाली निर्माण गर्नुपर्छ । किनकि विपद् व्यवस्थापन राहतको पोका बाँड्नु मात्र होइन। विपद् व्यवस्थापन नागरिकको जीवन, पहिचान र गरिमा जोगाउने राज्य प्रणाली हो । भोटेकोशीले हाम्रो सामु एउटा कठोर सत्य छाडेको छ– हामीले विकासका ठूलाठूला संरचना बनाउन सक्यौँ कि सकेनौँ भन्ने प्रश्न मात्र महत्वपूर्ण होइन, ती संरचना र राज्य प्रणालीले नागरिकलाई संकटमा कति सुरक्षित राख्न सक्छन् भन्ने प्रश्न अझ महत्वपूर्ण छ । बाढीले घर बगाउन सक्छ। सडक बगाउन सक्छ। पुल बगाउन सक्छ । मानिसको शरीरसमेत बगाउन सक्छ। तर राज्यले नागरिकको नाम, पहिचान र अन्तिम सम्मान बग्न दिनु हुँदैन । राज्यको वास्तविक समृद्धि त्यतिबेला प्रमाणित हुन्छ, जब उसले आफ्ना नागरिकलाई जीवनमा अवसर, संकटमा संरक्षण र मृत्युमा सम्मान दिन सक्छ।

# मिर्लुङकोट : ऐतिहासिक तथा पुरातात्त्विक स्थल

नेपालको मध्यपहाडी इतिहास केवल ठूला राज्य, राजदरबार र युद्धहरूको इतिहास मात्र होइन । गाउँका डाँडाकाँडा, गढी, कोट, भग्नावशेष, पोखरी र स्थानीय जनश्रुतिभित्र पनि इतिहासका अनेक पाना लुकेका छन् । यिनै ऐतिहासिक स्मृतिको एउटा महत्वपूर्ण स्थल हो- मिर्लुङकोट ।

तनहुँको भानु नगरपालिका-१३ स्थित मिर्लुङकोट प्राकृतिक सौन्दर्य, सांस्कृतिक परम्परा र ऐतिहासिक अवशेषका कारण परिचित छ। मिर्लुङकोटको चुचुरोमा दरबारका भग्नावशेष र त्यसअगाडि रहेको रानीपोखरीलाई स्थानीय स्रोतहरूले ऐतिहासिक महत्वका संरचनाका रूपमा उल्लेख गरेका छन् । तर मिर्लुङकोटको सबैभन्दा महत्वपूर्ण ऐतिहासिक प्रश्न अझै अनुत्तरित छ– के मिर्लुङकोट वास्तवमै स्वतन्त्र चौबिसेराज्य थियो, वा तनहुँ राज्यको राजनीतिक संरचनाभित्र विकसित भएको स्थानीय ठकुराइ अथवा क्षेत्रीय शक्ति केन्द्र मात्र थियो ?

यो प्रश्नको उत्तर खोज्दा जनश्रुति, स्थानीय इतिहास, पुरातात्त्विक अवशेष र लिखित अभिलेखलाई अलग-अलग तहमा हेर्नुपर्ने हुन्छ । आवश्यक छ । यी विवरणहरु मुख्यतः स्थानीय इतिहास, श्रुति-परम्परा र प्रकाशित द्वितीयक सामग्रीमा आधारित छन् । धर्माङ्गद सेनले मिर्लुङकोटमा स्वतन्त्र राज्य स्थापना गरेको कुरा पुष्टि गर्ने समकालीन राजकीय दस्तावेज हालसम्म पर्याप्त रूपमा सार्वजनिक भएको देखिँदैन।

**धर्माङ्गद सेन र मिर्लुङकोटको कथा**

मिर्लुङकोटको इतिहासमा धर्माङ्गद सेन सबैभन्दा महत्वपूर्ण पात्रका रूपमा देखा पर्छन् । स्थानीय कथनअनुसार तनहुँको राजनीतिक उत्तराधिकारको विवादपछि उनले मिर्लुङको सुन्दर पहाडी भू-भागलाई आफ्नो नयाँ राजनीतिक केन्द्रका रूपमा रोजे । मिर्लुङकोटको चुचुरोबाट वरपरका पहाड, हिमश्रृंखा, गाउँ-बैंसी र नदी-खोलाका भूभाग देखिने भएकाले यो स्थान रणनीतिक दृष्टिले पनि महत्वपूर्ण हुनसक्ने देखिन्छ। स्थानीय स्रोतहरूले यही भौगोलिक विशेषतालाई धर्माङ्गद सेनले मिर्लुङ रोज्नुको कारणसँग जोड्छन् ।

तर इतिहासमा कुनै स्थान सुन्दर वा रणनीतिक हुनु मात्र त्यसलाई स्वतन्त्र राज्य प्रमाणित गर्ने आधार हुँदैन । त्यसका लागि शासक, भूगोल, प्रशासन, कर प्रणाली, स्थानीय तथा प्रकाशित सामग्रीमा यहाँ सेनवंशी दरबारका भग्नावशेष, गढी संरचना र रानीपोखरी रहेको उल्लेख पाइन्छ । मिर्लुङकोट पुगेका आगन्तुकले आज पनि दरबारको भग्न संरचना र रानीपोखरीसँग जोडिएको ऐतिहासिक स्मृति अनुभव गर्न सक्छन् । विभिन्न प्रकाशित सामग्रीमा धर्माङ्गद सेनको दरबार र त्यसअगाडिको रानीपोखरीलाई मिर्लुङकोटको ऐतिहासिक पहिचानसँग जोडिएको छ ।

तर भग्नावशेषले एउटा महत्वपूर्ण कुरा मात्र प्रमाणित गर्न सक्छ–त्यहाँ कुनै समय महत्वपूर्ण मानवीय, राजनीतिक वा प्रशासनिक संरचना थियो। त्यसले स्वतः "स्वतन्त्र राज्य" थियो भन्ने प्रमाणित गर्दैन । त्यसका लागि दरबारको निर्माणकाल, निर्माणकर्ता, प्रयोगको अवधि, संरचनाको स्वरूप र त्यससँग सम्बन्धित लिखित अभिलेखको वैज्ञानिक परीक्षण आवश्यक हुन्छ।

**श्रुति-परम्परामा सेनवंश**

मिर्लुङकोटसँग जोडिएको सेनवंशी परम्परामा धर्माङ्गद सेन, रूक्माङ्गद सेन र चन्द्र सेनका नामहरु आउने गरेका छन्। तर व्यवस्थित र प्रमाणिक लिखित वंशावली अझै स्पष्ट रूपमा प्राप्त नभएको




**इतिहासको पृष्ठभूमि**

नेपालको एकीकरणपूर्व पश्चिम र मध्यपहाडी क्षेत्रमा अनेक साना-ठूला राज्य, ठकुराइ र शक्ति केन्द्र अस्तित्वमा थिए । तनहुँ पनि त्यस्तै सेनवंशी राज्यहरूमध्ये एक थियो । उपलब्ध स्थानीय तथा प्रकाशित सामग्रीअनुसार तनहुँ राज्यको इतिहास पाल्पाली सेनवंशसँग जोडिन्छ र भृङ्गी सेनका समयमा यसको राजनीतिक स्वरूप अझ स्पष्ट भएको देखिन्छ ।

यही ऐतिहासिक परिवेशमा मिर्लुङकोटको कथा जोडिन्छ । स्थानीय ऐतिहासिक परम्परा र प्रकाशित अनुसन्धानअनुसार तनहुँका राजा भृङ्गी सेनको निधनपछि उनका पुत्रहरु हम्बीर सेन र धर्माङ्गद सेनबीच राज्यसत्ताको उत्तराधिकारलाई लिएर विवाद उत्पन्न भयो । त्यसपछि धर्माङ्गद सेन तनहुँबाट विस्थापित भई मिर्लुङ क्षेत्रमा पुगेका र त्यहाँ आफ्नो छुट्टै शासन केन्द्र स्थापना गरेको भनाइ पाइन्छ ।

स्थानीय अनुसन्धानमा यस घटनालाई वि.सं. १६२८ आसपाससँग जोडिएको छ। धर्माङ्गद सेनले मिर्लुङकोटमा स्वतन्त्र ठकुराइ स्थापना गरेको र पछि त्यसको प्रभाव आसपासका कोट तथा थुमहरूसम्म विस्तार भएको दाबी पनि पाइन्छ ।

तर यहाँ एउटा महत्वपूर्ण सावधानी सैनिक संरचना र बाह्य राजनीतिक सम्बन्धका प्रमाण आवश्यक हुन्छन् । यही कारण मिर्लुङकोटको इतिहासलाई भावनात्मक गौरवभन्दा प्रमाणको कसौटीमा राखेर हेर्नु आवश्यक छ ।

**'मिर्लुङ' नामको कथा**

मिर्लुङ नामको उत्पत्तिसँग पनि विभिन्न जनश्रुति जोडिएका छन् । केही स्थानीय व्याख्याले धर्माङ्गद सेनलाई हम्बीर सेनले दिएको कथित "मर लु" भन्ने शब्दसँग मिर्लुङको नाम जोड्छन् । अर्को परम्पराले "रिमैलुङ" अर्थात् मायालु थुम वा रमणीय पहाडी भू-भागबाट कालान्तरमा मिर्लुङ शब्द बनेको मान्यता प्रस्तुत गर्छ।

यी व्युत्पत्तिहरु इतिहासको रोचक सांस्कृतिक पक्ष हुन् । तर भाषिक वा नामसम्बन्धी जनश्रुतिलाई प्रत्यक्ष ऐतिहासिक प्रमाणका रूपमा स्वीकार गर्न भने थप भाषाशास्त्रीय र ऐतिहासिक अनुसन्धान आवश्यक हुन्छ। त्यसैले मिर्लुङ नामको उत्पत्तिको कथा स्थानीय स्मृतिको हिस्साका रूपमा महत्वपूर्ण भए पनि यसैबाट राज्य स्थापनाको ऐतिहासिक तथ्य प्रमाणित भएको मान्न मिल्दैन ।

**दरबार, गढी र रानीपोखरीः मौन प्रमाण**

मिर्लुङकोटको इतिहासमा सबैभन्दा आकर्षक पक्ष यसको भौतिक अवशेष हो। कुरा स्थानीय अनुसन्धान सामग्रीले स्वयं स्वीकार गरेको छ ।

यसैले मिर्लुङकोटको इतिहास अनुसन्धान गर्दा एउटा महत्वपूर्ण प्रश्न उठ्छ-भृङ्गी सेन, हम्बीर सेन, धर्माङ्गद सेन, रूक्माङ्गद सेन र चन्द्र सेनबीचको वंशीय सम्बन्ध कुनै पुरानो मूल वंशावलीमा क्रमबद्ध रूपमा उल्लेख छ कि छैन ?

यदि यस्तो वंशावली भेटियो र त्यसमा धर्माङ्गद सेनलाई मिर्लुङकोटको शासकका रूपमा स्पष्ट उल्लेख गरिएको पाइयो भने हालको दाबी निकै बलियो बन्न सक्छ। स्वतन्त्र राज्य प्रमाणित गर्न के चाहिन्छ? कुनै भूभाग स्वतन्त्र राज्य वा ठकुराइ थियो भन्ने प्रमाणित गर्न मौखिक परम्परा मात्र पर्याप्त हुँदैन । इतिहासकारले विभिन्न तहका प्रमाण खोज्नुपर्छ ।

सबैभन्दा महत्वपूर्ण प्रमाणहरूमा राजकीय लालमोहर, सनद, रूक्का, ताम्रपत्र, शिलालेख, कर तथा जग्गा अभिलेख र समकालीन वंशावली पर्छन् । त्यसैगरी अर्को समकालीन राज्यको अभिलेखमा मिर्लुङकोट वा धर्माङ्गद सेनलाई छुट्टै राजनीतिक शक्ति वा शासकका रूपमा उल्लेख गरिएको छ कि छैन भन्ने खोजी पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

विशेषतः यस्तो कुनै अभिलेख भेटियो

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। समाजले पदीय जिम्मेवारी दिलाउनेछ।

**वृष**
नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ।

**मिथुन**
टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ।

**कर्कट**
उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ।

**सिंह**
आˆना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

**कन्या**
समयमा लगनशील बन्न नसक्ता पछि परिनेछ। तापनि नयाँ काममा जग बसाउने समय छ।

**तुला**
कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग वादविवाद हुन सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला।

**वृश्चिक**
खर्च लागे पनि रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। अतिथिका रूपमा मानसम्मान प्राप्त होला।

**धनु**
व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्।

**मकर**
उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ।

**कुम्भ**
परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। अरूको बारेमा चासो लिंदा व्यर्थै झमेला बढ्न सक्छ।

**मीन**
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ।

# हिमालय क्षेत्रमा जलवायु परिवर्तनसंगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको छः प्रधानमन्त्री

भञ्ज्याङ समाचारदाता/काठमाडौं

प्रधानमन्त्री वालेन्द्र शाहले सरकार बाढी प्रभावितहरूको खोज, उद्धार, उपचार, राहत र नागरिकको सुरक्षित व्यवस्थापनमा दृढता तथा सक्रियताका साथ लागिरहेको बताउनुभएको छ । सामाजिक सञ्जालमार्फत सोमबार प्रधानमन्त्री शाहले यस कार्यको अग्रपंक्तिमा रहेर आफ्नो ज्यानको समेत वास्ता नगरी प्रभावित क्षेत्रमा परिचालित सम्पूर्ण सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, मिडिया, विभिन्न निकायका पदाधिकारीहरूसँगै स्वयंसेवक संस्था तथा आमनागरिकको भूमिका कदरयोग्य र प्रशंसनीय रहेको उल्लेख गर्नुभएको छ ।

"यस अवधिमा यहाँहरूले देखाउनुभएको धैर्य, साथ, सहयोग र समन्वयप्रति हार्दिक आभार व्यक्त गर्दछौँ। विपद् व्यवस्थापनमा संघीय सरकारलाई प्रदेश र स्थानीय सरकारले दिएको साथ तथा सहयोग निकै महत्वपूर्ण छ । साथै, हाम्रा मित्रराष्ट्रहरू, स्वदेशी र विदेशी संघसंस्था, सञ्चारमाध्यम लगायतका सबै सरोकारवालाले देखाउनुभएको सदासयता र सहयोग अनुकरणीय छ", प्रधानमन्त्री शाहले भन्नुभएको छ ।

प्रधानमन्त्री शाहले भोटेकोशी नदीमा गएको बाढी सामान्य नभएको उल्लेख गर्नुभएको छ । "हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति हो । यस घटनाले हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको संकेत गरेको छ। त्यसैले यो क्षेत्र सतर्क हुनैपर्छ, सँगसँगै हामीले अन्तरराष्ट्रिय समुदायसमक्ष जलवायु परिवर्तनका कारण भोग्नु परेको विपद्को विषयबारे बलियो गरी उठान गर्नुपर्ने पनि समय आएको छ", उहाँले भन्नुभयो ।

सरकार अहिले प्रभावित क्षेत्रमा अझै पनि खोज र उद्धारमा केन्द्रित छ। सँगसँगै प्रभावित क्षेत्रका नागरिकका लागि राहत संकलन तथा वितरण पनि सरकारको प्राथमिकतामै छ । काठमाडौँलगायत देशका विभिन्न स्थानमा संघसंस्था र आम नागरिकबाट प्राप्त राहत सामग्री संकलन गरी प्रभावित नागरिक समक्ष पुर्याउने काम भइरहेको प्रधानमन्त्री शाहले बताउनुभयो ।

यस कार्यमा अन्तर्राष्ट्रिय जगतले पनि सघाइरहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले हालसम्म भारत, चीन, अमेरिका, युएई, कतार, जापान, स्वीट्जरल्याण्ड, अष्ट्रेलियालगायत मित्र राष्ट्रहरूबाट सहयोग प्राप्त भएको जानकारी दिनुभयो । "हाम्रा सुरक्षाकर्मीले हवाई र सडकमार्गमार्फत प्रभावित क्षेत्र (रसुवा, नुवाकोट र धादिङ) का चार वटा संकलन केन्द्र हुँदै रसुवा र नुवाकोट जिल्लाका २७ वटा वितरण केन्द्रमार्फत तीन हजार ६९६ जना प्रभावित नागरिकसम्म पुर्याइएको छ", उहाँले भन्नुभयो । साथै प्रदेश र स्थानीय सरकार पनि संघीय सरकारसँगको समन्वयमा ती केन्द्रहरूमा आश्रय तथा राहत व्यवस्थापनमा सक्रियताका साथ जुटिरहेका रहेको प्रधानमन्त्री शाहको भनाइ छ । सरकारले राहत संकलन र वितरणबारे राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकारणले निरन्तर जानकारी समेत गराइरहेका छ ।

राहत संकलन तथा वितरण कति प्रभावकारी भइरहेको छ भनेर हामीले हाम्रा सचिवालयका सदस्यहरू र कर्मचारीहरूलाई समेत प्रभावित क्षेत्रमै परिचालन गरिरहेकोसमेत उहाँले उल्लेख गर्नुभएको छ । प्रधानमन्त्री शाहले बाढीका कारण प्रभावित बनेको नुवाकोटको त्रिशूलीपारिको भू-भाग पुनःसडक सञ्जालमा जोडिएको बताउनुभएको छ । गल्छी-त्रिशूली राजमार्गअन्तर्गत त्रिशूली नदीको दायाँ किनार हुँदै कल्लेरीटार, कोशीखोला, पिपलटार, दर्शनटार, छत्रेखोला र गौरीबैँसी भएर त्रिशूली बजारसम्म पुग्ने सडक सञ्चालनमा ल्याइएको छ ।

नुवाकोटका ठूलो सत्याका रहनुभएका नागरिकको सदरमुकामसँग पुनःसीधा सडक पहुँच स्थापित भएको प्रधानमन्त्री शाहको भनाइ छ । "यसबाट प्रभावित क्षेत्रहरूमा उद्धार, राहत सामग्री वितरण तथा अत्यावश्यक वस्तुको आपूर्तिमा थप सहज हुने भएको छ । रसुवा, नुवाकोटदेखि धादिङका अधिकांश स्थानका पुल भत्किएका छन् । यसले आवातजावतमा असर परेको छ । सरकारले ती क्षेत्रमा अस्थायी पुल निर्माणलाई प्राथमिकता दिएको छ । हामीसँग ४८ मिटर लम्बाइका ६ र ७० मिटरको एक थान बेलिब्रिज छ।

अहिले तीन ठाउँ (देवीघाटको तादी नदी, त्रिशूली बजार र बेत्रावती बजार) मा बेलिब्रिज राख्ने विषयमा अध्ययन भइसकेको छ", प्रधानमन्त्री शाहले भन्नुभयो । साथै, भारत सरकारबाट २३० फिट सिङ्गल लेन मोडुलर स्टिल ब्रिज प्राप्त भएको छ। साथै, भारतले थप सात वटा बेलीब्रिज पठाउने प्रतिबद्धता जनाएको र चीन सरकारबाट ३० वटा बेलिब्रिज चाँडै प्राप्त हुने उहाँको भनाइ छ ।

प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रमा खोज र उद्धारसँगै सरकारले प्रभावित नागरिकलाई पुनःस्थापना कसरी गर्ने भन्नेबारे छलफलसमेत अघि बढाएको उल्लेख गर्नुभएको छ । त्यसका लागि स्थानीय सरकारसँगको समन्वयमा प्रभावित नागरिकको सत्या तथा भौतिक क्षतिको विवरण समेत संकलन सुरू भइसकेको उहाँको भनाइ छ ।

"हजारौँ नागरिकले घर, परिवार, प्रियजन र जायजेथा गुमाउनुभएको छ। उहाँहरूले भोग्नुभएको यो पीडा सरकारले बुझेको छ । उहाँहरूको पीडामा मलहम लगाउँदै पुनःस्थापनामार्फत सामान्य जनजीवनमा पुऱ्याउनु अबको बाटो हो । उहाँहरूलाई मानसिक र शारीरिक रूपमा सशक्त बनाउँदै पुनःस्थापना गर्न सरकार लाग्नेछ । पुनःस्थापनाका आवश्यक आर्थिक स्रोत जुटाउने क्रम जारी छ", प्रधानमन्त्री शाहले भन्नुभयो । रासस

# तनहुँमा १५ वटा शवको ....

बाढीका कारण ज्यान गुमाएका तथा हालसम्म पहिचान हुन नसकेका शवहरूको भविष्यमा समेत पहिचान गर्न सकिने गरी जङ्गलमा व्यवस्थापन गरिएको प्रजिअ तिवारीले बताए। उनले भने, 'शव व्यवस्थापनअघि कानुनी तथा वैज्ञानिक प्रक्रिया पूरा गरिसकिएको छ ।'

**१७ जना अझै सम्पर्कविहीन**

यस्तै, भोटेकोशी नदीमा आएको बाढीपछि तनहुँमा स्थायी बसोबास गर्ने २६ जना सम्पर्कविहीन भएको भन्दै जिल्ला प्रहरी कार्यालय तनहुँमा जानकारी गराइएकोमा हालसम्म ९ जना सम्पर्कमा आएका छन् । जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार सोमबारसम्म ९ जना सम्पर्कमा आइसकेका छन् भने १७ जना अझै सम्पर्कविहीन रहेका छन्।

बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिहरूको अवस्था यकिन गर्न खोज तथा उद्धारसँगै खोजी तथा तथ्याङ्क अद्यावधिक गर्ने कार्य भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले सम्पर्कविहीन व्यक्तिका आफन्त तथा परिवारजनबाट प्राप्त सूचनाका आधारमा विवरण संकलन गरिरहेको जनाएको छ। बाढीका कारण विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएपछि तनहुँमा पनि त्रिशूली नदी आसपासका क्षेत्रमा शव तथा प्रभावित व्यक्तिको खोजी कार्य निरन्तर भइरहेको छ ।

**भानुका १४ जना सम्पर्कविहीन**

यस्तै, तनहुँमा सम्पर्कबिहीन भएका मध्ये १४ जना भानु नगरपालिकाका रहेको बताइएको छ। भानु नगरपालिकाका नगरप्रमुख आनन्द राज त्रिपाठीले सोमबार विज्ञप्ति जारी गर्दै भदौ १० गते बिहान भोटेकोशीमा आएको बाढीका कारण नगरपालिकाका १४ जना दाजुभाई तथा दिदीबहिनी सम्पर्कविहीन रहेको जनाएका छन्। दुःखद घडीमा सहानुभूति र शोक प्रकट गर्दै नगरपालिकाले सम्पूर्ण वडाहरू, विभिन्न संघ-संस्था र नगरवासीहरूलाई तीजका सांस्कृतिक कार्यक्रम, दर खाने कार्यक्रम लगायत कुनै पनि मनोरञ्जनात्मक एवं सांस्कृतिक कार्यक्रम नगर्न अनुरोध गरिएको छ ।


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**भदौ २० गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा


# मिर्लुङकोट : ऐतिहासिक तथा .............

भने "धर्माङ्गद सेन, मिर्लुङकोटाधिपति" जस्ता स्पष्ट शब्दमा शासक र भूभागको सम्बन्ध देखिन सक्छ । त्यस्तो प्रमाणले अहिलेको बहसलाई नयाँ मोड दिन सक्छ ।

**स्थानीय राज्य कि तनहुँको उपशाखा ?**

मिर्लुङकोटको इतिहासको मूल विवाद यही हो । एकातर्फ स्थानीय परम्परा र प्रकाशित अनुसन्धानले धर्माङ्गद सेनले तनहुँबाट अलग भएर स्वतन्त्र ठकुराइ स्थापना गरेको दाबी गर्छन् । अर्कोतर्फ त्यस दाबीलाई पुष्टि गर्ने समकालीन प्राथमिक अभिलेखको अभावले मिर्लुङकोटलाई पूर्ण स्वतन्त्र चौबिसेराज्य भन्नुअघि सावधानी अपनाउन बाध्य बनाउँछ।

स्थानीय स्रोतमा मिर्लुङकोटको प्रभाव क्यामिनकोट, ज्यामरूककोट, रूपाकोट, चोकचिसापानीकोट र पुर्कोटलगायतका क्षेत्रमा रहेको दाबीसमेत पाइन्छ । तर यी क्षेत्र वास्तवमै मिर्लुङकोटको प्रशासनिक अधीनमा थिए कि थिएनन् भन्ने कुरा पनि प्राथमिक अभिलेखबाट पुष्टि हुन बाँकी छ । यसकारण अहिलेको अवस्थामा मिर्लुङकोटलाई "स्वतन्त्र ठकुराइ वा क्षेत्रीय शक्ति केन्द्रका रूपमा रहेको सम्भावित ऐतिहासिक इकाइ" भन्नु बढी सन्तुलित देखिन्छ।

**मिर्लुङकोटको अवसानको कथा**

स्थानीय इतिहासमा पछि तनहुँका राजा दिग्विजय सेनको राज्य विस्तार अभियानसँग मिर्लुङकोटको सम्बन्ध जोडिएको पाइन्छ। यस क्रममा मिर्लुङकोट तनहुँको अधीनमा आएको कथन पनि प्रकाशित सामग्रीमा उल्लेख छ। तर यहाँ पनि घटनाको निश्चित मिति, युद्धको स्वरूप, सम्बन्धित शासक तथा राजनीतिक परिणाम प्रमाणित गर्ने प्राथमिक दस्तावेज आवश्यक हुन्छन् ।

इतिहासमा कुनै राज्य वा ठकुराइको उदय जति महत्वपूर्ण हुन्छ, त्यसको अन्त्य पनि उत्तिकै महत्वपूर्ण हुन्छ । मिर्लुङकोटको राजनीतिक अवसानसम्बन्धी कथाले तत्कालीन तनहुँ, मिर्लुङ र आसपासका पहाडी शक्ति केन्द्रबीचको सम्बन्ध बुझ्न नयाँ अनुसन्धानको ढोका खोल्छ ।

**अब खोजिनुपर्ने प्रमाण**

मिर्लुङकोटको इतिहासलाई अझ प्रामाणिक बनाउन अब भावनाभन्दा बढी अभिलेख खोज्नुपर्ने समय आएको छ। सबैभन्दा पहिले पुरातत्त्व विभागबाट मिर्लुङकोटमा कुनै पुरातात्त्विक सर्वेक्षण, उत्खनन वा संरक्षण अध्ययन भएको छ कि छैन भन्ने खोजिनुपर्छ। त्यसपछि राष्ट्रिय अभिलेखालयमा धर्माङ्गद सेन, मिर्लुङकोट, सेनवंश, सनद, लालमोहर, रूक्का र वंशावली सम्बन्धी सामग्री खोजिनुपर्छ ।

त्यस्तै, स्थानीय सेनवंशी परिवारका निजी अभिलेख, गुठीका लिखत, पुराना ताम्रपत्र, जग्गा अभिलेख, पुराना नक्सा र शिलालेख पनि अनुसन्धानका महत्वपूर्ण आधार बन्न सक्छन्। मौखिक इतिहासलाई पनि बेवास्ता गर्न हुँदैन । तर त्यसलाई मुख्य प्रमाण होइन, प्रमाण खोज्ने दिशासूचक सहायक स्रोतका रूपमा प्रयोग गर्नु उपयुक्त हुन्छ ।

निष्कर्ष : मिर्लुङकोटको ऐतिहासिक महत्वमा धेरै विवाद गर्नुपर्ने अवस्था छैन। यहाँका भग्नावशेष, गढी, रानीपोखरी, स्थानीय परम्परा र सेनवंशसँग जोडिएका कथाहरूले यस क्षेत्रको विगतमा कुनै महत्वपूर्ण राजनीतिक तथा सांस्कृतिक गतिविधि भएको संकेत गर्छन् ।

तर इतिहासको एउटा आधारभूत नियम छ- कुनै दाबी जति ठूलो हुन्छ, त्यसका लागि प्रमाण पनि त्यति नै बलियो हुनुपर्छ।

मिर्लुङकोटलाई वि.सं. १६२८ आसपास धर्माङ्गद सेनले स्थापना गरेको स्वतन्त्र ठकुराइ वा राज्यका रूपमा प्रस्तुत गर्ने स्थानीय ऐतिहासिक परम्परा महत्वपूर्ण छ। धर्माङ्गद सेन, रूक्माङ्गद सेन र चन्द्र सेनका नामसँग जोडिएको सेनवंशी स्मृति पनि अनुसन्धानका लागि मूल्यवान् छ । दरबारका भग्नावशेष र रानीपोखरीले यस परम्परालाई भौतिक पृष्ठभूमि दिएका छन् ।

तर मिर्लुङकोटलाई निर्विवाद रूपमा स्वतन्त्र चौबिसेराज्य घोषणा गर्न भने समकालीन राजकीय अभिलेख, प्रमाणिक वंशावली, शिलालेख, ताम्रपत्र वा पुरातात्त्विक अध्ययनबाट थप पुष्टि आवश्यक छ ।

त्यसैले आजको मितिमा मिर्लुङकोटलाई न त केवल किंवदन्ती भनेर पन्छाउन मिल्छ, न त पर्याप्त प्राथमिक प्रमाणबिना निर्विवाद स्वतन्त्र राज्य भनेर घोषणा गर्न। यसको सबैभन्दा उपयुक्त परिचय अहिलेका लागि यही हुन सक्छ । "मिर्लुङकोट : सेनवंशी धर्माङ्गद सेनसँग जोडिएको सम्भावित स्वतन्त्र ठकुराइ तथा ऐतिहासिक क्षेत्रीय शक्ति केन्द्र ।"

सायद भविष्यमा कुनै पुरानो वंशावलीको पाना, कुनै ताम्रपत्र, कुनै शिलालेख वा कुनै राजकीय सनदले आजको प्रश्नको निश्चित उत्तर दिनेछ । त्यस दिन मिर्लुङकोटको इतिहास केवल जनश्रुति रहनेछैन; अभिलेखमा पनि बोल्नेछ र त्यही दिन इतिहास र स्मृतिबीचको दूरी केही कम हुनेछ।





**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com



**बालबालिकाको खाना तथा खाजाको रुपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ताः** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमाः** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ताः** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्कको चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमाः** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ताः** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमाः** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**ऋषिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
ऋषिङ, तनहुँ । गण्डकी प्रदेश




**बन्दीपुरमा पर्यटक** : पहाडकी रानी उपनामले परिचित तनहुँको पर्यटकीय नगरी बन्दीपुर घुम्नका लागि आएका वाह्य पर्यटकहरू ।

*तस्विर : भञ्ज्याङ*

# बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रमबाट किसान लाभान्वित

**भञ्ज्याङ समाचारदाता/दमौली**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले सञ्चालन गरेको वृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रमबाट जिल्लाका ५६५ किसान लाभान्वित भएका छन् । आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिएको कार्यक्रमका लागि विनियोजित रू ३० लाख बजेटमध्ये रू २९ लाख ३१ हजार खर्च भएको केन्द्रले जनाएको छ ।

पशुपालन व्यवसायलाई व्यवस्थित, व्यावसायिक तथा उत्पादनमुखी बनाउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममा बङ्गुर, बाख्रा तथा दुग्ध उत्पादनतर्फका कृषक समूहलाई लक्षित गरी पूर्वाधार निर्माण तथा आवश्यक सामग्री र उपकरण सहयोग गरिएको पशु स्वास्थ्य प्राविधिक रूद्रसिंह ठकुरीले जानकारी दिए।

कार्यक्रमअन्तर्गत एउटा बङ्गुरपालक कृषक समूहमा आबद्ध किसानको बङ्गुरको खोर सुधार गरिएको छ । खोर सुधारमार्फत बंगुरपालनलाई व्यवस्थित बनाउनुका साथै पशुको स्वास्थ्य र उत्पादनमा सुधार ल्याउने लक्ष्य राखिएको ठकुरीले बताए ।




त्यसैगरी, दुईवटा बाख्रापालक कृषक समूहमा आबद्ध २४ जना किसानका बाख्राको खोर मर्मत तथा निर्माण गरिएको छ । कार्यक्रमबाट थप ११ जना किसानलाई चापकटर तथा कम्बाइन मिल सहयोग गरिएको छ । पशुपालनमा आवश्यक पर्ने घाँस तथा दाना व्यवस्थापनका लागि उपयोगी उपकरण उपलब्ध गराउँदा किसानको श्रम तथा समय बचत हुने अपेक्षा गरिएको छ ।

बाख्राको नश्ल सुधार तथा उत्पादन क्षमता बढाउने उद्देश्यले दुईवटा प्रजनन बोका खरिद गरी उपलब्ध गराइएको छ । यस्तै, दुईवटा फार्ममा जैविक सुरक्षा कायम गर्न आवश्यक घेराबार निर्माण गरिएको ठकुरीले बताउनुभयो । किसानको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्नुका साथै पशु स्वास्थ्यका लागि आवश्यक औषधिसमेत वितरण गरिएको थियो।

दुग्ध उत्पादनतर्फ पनि कार्यक्रमले किसानलाई सहयोग गरेको छ । दुईवटा दुग्ध उत्पादक कृषक समूहमा आबद्ध किसानका लागि ६१३ वटा स्टिल क्यान खरिद गरी वितरण गरिएको छ। दूध सङ्कलन तथा भण्डारणमा प्रयोग हुने स्टिल क्यानले दूधको स्वच्छता कायम राख्न तथा गुणस्तर सुधार गर्न सहयोग पुग्ने उहाँको भनाइ छ ।

केन्द्रले पशुपालन क्षेत्रमा रहेका किसानका आवश्यकता पहिचान गरी उत्पादन, पशु स्वास्थ्य, पूर्वाधार र व्यावसायीकरणमा सहयोग गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको जनाएको छ । कार्यक्रमबाट खोर सुधार, उपकरण सहयोग, नश्ल सुधार, जैविक सुरक्षा, तालिम तथा पशु स्वास्थ्य सेवाजस्ता क्षेत्रमा प्रत्यक्ष सहयोग पुगेको बताइएको छ । रासस

# भिमाद सहकारीद्वारा बाढीपीडितलाई आर्थिक सहयोग

**भञ्ज्याङ समाचारदाता/भिमाद**

तनहुँको भिमाद नगरपालिकास्थित भिमाद बचत तथा ऋण सहकारी संस्थाले आफ्नो २०औँ स्थापना दिवस विभिन्न कार्यक्रमका साथ मनाउँदै बाढीपीडित तथा प्रभावित परिवारको सहयोगका लागि ५५ हजार ५ सय ५५ रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेको छ । संस्थाले स्थापना दिवसलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम कोषमा जम्मा गरेको जनाएको छ ।

स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष काजिमान श्रेष्ठले र मुख्य प्रबन्धक सञ्जीव श्रेष्ठले रसुवाको भोटेकोशी नदीमा चीनको तिब्बत क्षेत्रबाट आएको विनाशकारी



बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत त्रिशूली नदी तटीय क्षेत्रका विभिन्न स्थानमा भएको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति दु:ख व्यक्त गरेका थिए।

वक्ताहरूले बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेका थिए भने, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै विपद्को यस कठिन घडीमा पीडित तथा प्रभावित परिवारको सहयोगका लागि सबै पक्षबाट आवश्यक सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिए ।

संस्थाले विपद्बाट प्रभावित नागरिकको पीडा कम गर्न राज्य, स्थानीय तह, निजी क्षेत्र, सहकारी, संघसंस्था र सर्वसाधारण सबैको साझा दायित्व रहेको जनाएको छ। २०औँ स्थापना दिवसको अवसरमा गरिएको सहयोगले सहकारी संस्था बचत तथा ऋणको कारोबारमा मात्र सीमित नभई सामाजिक उत्तरदायित्व निर्वाहमा समेत सक्रिय रहेको सन्देश दिएको संस्थाले जनाएको छ ।

## facebook twitter



**Saral Suman????**
x.com/Saralsuman1

**प्रष्ट कुरा :**
मानिसको जीवनभन्दा ठूलो न देश हुन्छ, न राज्य, न सरकार, न त धर्म नै ।
देश, राज्य, सरकार र धर्मजस्ता संस्था मानिसको जीवन, स्वतन्त्रता र साझा हितको रक्षा तथा प्रवर्द्धनका लागि निर्माण गरिएका हुन्- मानिस तिनका लागि होइन।
कसैले मलाई 'देशद्रोही' वा 'राष्ट्रघाती' नै भने पनि भनोस्; मेरा लागि तपाईंको, मेरो र हरेक मानिसको जीवन कुनै पनि सत्ता, संस्था वा सीमाभन्दा बढी मूल्यवान् छ।
मानव जीवनको रक्षा, स्वतन्त्रताको प्रत्याभूति र साझा हितको सुनिश्चितता गर्न सक्दा मात्र राज्य र सरकारको औचित्य पुष्टि हुन्छ; अन्यथा तिनको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ ।



**बाबाजी**
x.com/baabajee

राजनीतिक धार फरक हुनसक्छ, स्वयं प्रधानमन्त्री र सत्ताधारी दलका सभापति लगायत कसैलाई पनि म ब्यक्तिगत आक्षेप कहिल्यै लगाउँदिन। उनीहरू के लगाउँछन्, के खान्छन्, कोसंग दोस्ती गर्छन् त्यो उनीहरूको निजी कुरा हो। फरक राजनीतिक विचार हुनु भनेको कसैको अपमान वा निन्दा गर्नैपर्ने, उसंग दोस्ती छ भने त्यो तोड्नैपर्ने कदापि होइन।
मेरो लागि राजनीतिक भिन्नता भनेको उसको र मेरो- देशलाई हेर्ने, समाजलाई हेर्ने, परिवर्तनलाई हेर्ने र विकासलाई हेर्ने दृष्टिकोणको भिन्नता मात्रै "राजनीतिक भिन्नता" हो! बाँकी कुरामा म कहिल्यै कुनैपनि नेतालाई निन्दा वा अपमान गर्दिन।
तर, सामाजिक विषयमा कुनै पनि सार्वजनिक ओहदामा रहेकाहरूलाई, पार्टी वा त्यसका नेताहरूलाई सार्वजनिक प्रश्न गर्दा मैले भने पटकपटक उनका समर्थकहरूबाट अश्लील गालीगलौज, निन्दा र मेरो परिवारले समेत अपमान सहनुपरेको छ ।
तपाईं मेरो विचारसंग असहमत हुनुहुन्छ भने मलाई वा मेरो तर्कलाई आलोचना गर्नुस्, तर्कले नै पेल्नुस् र तर्कले नै मलाई गलत प्रमाणित गर्नुस् तर विचारमा असहमत भएकै कारण तपाइँले म र मेरो परिवारलाई मुछेर व्यक्तिगत कुण्ठा, इर्श्या, निन्दा, अपशब्द, अश्लील गाली, दुर्वचन, आक्षेप, सार्वजनिक तिरस्कार वा अनादर गर्न पाउनुहुन्न ! यदि त्यसो गर्नुहुन्छ भने यसमा आउने मेरो जवाफ पनि तपाईंले सहन सक्नुपर्छ। आगे तपाईंको मर्जी !

# तनहुँ सेवा समाज यूएईद्वारा दुई लाख सहयोग

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ घर भई रोजगारीको सिलसिलामा यूएईमा रहेका तनहुँवासीको संस्था तनहुँ सेवा समाज, यूएईले रसुवा बाढीपीडितको उद्धार र राहतका लागि रू दुई लाख सहयोग गरेको छ । रसुवा लगायतका जिल्लाका बाढी प्रभावित नागरिकको उद्धार तथा राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा समाजले रू दुई लाख सहयोग गरेको हो।

समाजले पाँचौं अधिवेशन स्थगित गर्दै उक्त कार्यक्रमका लागि छुट्याइएको खर्च मध्येबाट उक्त सहयोग गरेको समाजका अध्यक्ष राजु तिमिल्सिनाले जानकारी दिए। उद्धार, राहत तथा पुन:स्थापनाका लागि स्वदेश तथा विदेशमा रहेका नेपाली तथा विभिन्न सङ्घसंस्थालाई सहयोगका लागि समाजले आह्वानसमेत गरेको छ।

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**
**सम्पर्क : ०६५-५६३९०७**
**www.bhanjyangnews.com**
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४